मण्डनदेउपुर नगरपालिकाको मिति २०७६/१२/२१ गते श्रीमान नगर प्रमुख ज्यूको अध्यक्षतामा बसेको नगरस्तरीय विपद् व्यवस्थापन समितिको सर्वदलीय एवं सर्वपक्षीय बैठकको निर्णयहरुः

१. यस नगरपालिका अन्तरगतको कोरोना भाइरस (कोभिड-१९) को कारणले प्रभावित हुने असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग, असहाय तथा अत्यावश्यक भएका विपन्न वर्गलाई राहत सुविधा उपलब्ध गराउने निर्णय गरियो।

२. राहत वितरणका लागि नगरपालिकाले आवश्यक मापदण्ड तयार गर्ने र राहत आवश्यक पर्नेहरूको पहिचान वडाको सिफारिस का साथ वडा स्तरीय विपद् व्यवस्थापन समितिमार्फत गर्ने निर्णय गरियो। राहत वितरण एक द्वार प्रणालीबाट मात्र हुने भएकोले वडाले सिफारिस गरेपश्चातमात्र नगरपालिका मार्फत वितरण हुने र राहत ढुवानी नगरपालिका स्वयले गर्ने निर्णय गरियो।

३. राहत आवश्यक पर्ने व्यक्तिहरूको पहिचान गरी वडा स्तरीय विपद् व्यवस्थापन समितिले सम्बन्धित वडामा क्रियाशील राजनैतिक पार्टीका प्रतिनिधिहरु र सुरक्षाकर्मीहरूको उपस्थितिमा अनुमोदन गरी सूचि तयार गर्ने निर्णय गरियो।

४. नेपाल सरकारले तोकेको लकडाउन अवधिभरको लागि यस नगरपालिकाले गरेका निर्णयहरूको कार्यान्वयनमा एकरूपता हुने गरी सम्पूर्ण नगरक्षेत्रमा लागु गर्ने निर्णय गरियो।

५. यदि कुनै संघ संस्थाहरूले यस नगरपालिका क्षेत्र भित्र राहत वितरण गर्न चाहेमा नेपाल सरकारले तोकेको मापदण्डको अधिनमा रही यस नगरपालिकाको स्वकृती लीई नगरपालिकासँगको समन्वयमा मात्र गर्न पाउने निर्णय गरियो।

६. कोरोना भाइरस (कोभिड-१९) को संक्रमण नियन्त्रण तथा रोकथामको लागि खटिएका सुरक्षाकर्मी, नगरप्रहरी, स्वास्थ्य संस्था र नगरपालिकामा कार्यरत कर्मचारीहरूका लागि थप सुविधाको व्यवस्था गर्ने निर्णय गरियो।

७. कोरोना भाइरस (कोभिड-१९) संक्रमण नियन्त्रण तथा रोकथाम र राहत वितरणका कार्यक्रमहरूमा आर्थिक व्यवस्थापनमा पारदर्शिता कायम गर्नका लागि सम्पूर्ण आय-व्ययका विवरण यस नगरपालिका अन्तरगतको आर्थिक समितिबाट अनुमोदन गराई नगरपालिकाले आय-व्यय सार्वजनिकिकरण गर्ने निर्णय गरियो।

८. नगरपालिकाले गरेका निर्णयहरूको कार्यान्वयनको अनुगमन तहगत हिसाबमा गर्ने र सो को जिम्मेवारी सम्बन्धित तहका जन प्रतिनिधिहरु, राजनैतिक दलका प्रतिनिधिहरू र नागरिक समाजका अगुवाहरूको हुने निर्णय गरियो।

९. नेपाल सरकारले तोकेको लकडाउन अवधिभरका लागि लागू हुने गरी यस नगरपालिका अन्तरगत संचालनमा रहेका सम्पूर्ण दुग्ध सहकारी तथा डेरीहरूले लकडाउन अवधिभर दुध नफर्कने नमराउने तथा निर्यात नगर्ने गरी सार्वजनिक सूचना गर्ने निर्णय गरियो।